# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, भदौ ६ गते, २०७३ साल (संख्या २२

## भाग ३

नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

### भूमि सम्बन्धी (सोह्रौं संशोधन) नियमहरू, २०७३

भूमि सम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "भूमि सम्बन्धी (सोह्रौं संशोधन) नियमहरू, २०७३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

282

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम १८ मा संशोधन** : भूमि सम्बन्धी नियमहरू, २०२१ (यसपछि "मूल नियमहरू" भनिएको) को नियम १८ को,-

(१) उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) उपनियम (४) र (५) झिकिएका छन् ।

३. **मूल नियमहरूको नियम १९ मा संशोधन** : मूल नियमहरूको नियम १९ को उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन् :-

"(५) यस नियम बमोजिम भूमिसुधार अधिकारीले जग्गाको फाँटवारी सम्बन्धी जाँचबुझ गर्ने कार्य समाप्त नगरेसम्म त्यस्तो जग्गाको कुनै किसिमले स्वामित्व हस्तान्तरण गर्न वा धितोबन्धक राख्न नपाउने गरी रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा रोक्का राखी त्यसको जानकारी सम्बन्धित भूमिसुधार कार्यालयलाई दिनु पर्नेछ ।"

४. **मूल नियमहरूमा नियम २०क. र २०ख. थप** : मूल नियमहरूको नियम २० पछि देहायका नियम २०क. र २०ख. थपिएका छन् :-

"२०क. **नेपाल सरकारको नाममा जग्गा दर्ता गर्ने** : (१) ऐनको दफा ९ को उपदफा (४) र दफा १४क. को उपदफा (२) बमोजिम भूमिसुधार अधिकारीले जफत गरेको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न सम्बन्धित मालपोत कार्यालयंमा लेखी पठाउनु पर्नेछ ।

283



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम जग्गा दर्ताको लागि लेखी आएमा मालपोत कार्यालयले त्यस्तो जग्गा नेपाल सरकारको नाममा दर्ता गरी त्यसको जानकारी सम्बन्धित भूमिसुधार कार्यालयलाई दिनु पर्नेछ ।

२०ख. पुरस्कार : (१) ऐनको दफा ९ को उपदफा (६) र दफा १४क. को उपदफा (३) बमोजिम कसैले पुरस्कार पाउने भएमा भूमिसुधार अधिकारीले नियम २०क. बमोजिम काम सम्पन्न भईसकेपछि त्यस्तो पुरस्कारको रकम निकासाको लागि भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम रकम निकासाको लागि लेखी पठाउदा नियम २०क. बमोजिम नेपाल सरकारको नाममा दर्ता हुन आएको जग्गा र पुरस्कार पाउने व्यक्तिको विवरण तथा पुरस्कार वापत दिनु पर्ने रकम समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) को प्रयोजनको लागि त्यस्तो जग्गाको मोल कायम गर्दा रजिष्ट्रेशन प्रयोजनका लागि तोकिएको न्युनतम मूल्याङ्कनलाई आधार लिईनेछ ।"

५. मूल नियमहरूमा नियम २४छ१. थप : मूल नियमहरूको नियम २४छ. पछि देहायको नियम २४छ१. थपिएको छ :-

"२४छ१. जग्गा बाँडफाँडको कार्यविधि : (१) ऐनको दफा २६घ४. को उपदफा (१) को प्रयोजनको लागि टोली खटाउनु अघि भूमिसुधार अधिकारीले देहायको विवरण तयार गर्नु पर्नेछ :-



२८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हनेछ।

(क) ऐनको दफा ९ को उपदफा (४) र दफा १४क. को उपदफा (२) बमोजिम नेपाल सरकारको स्वामित्वमा आउने मोही लागेका जग्गाहरूको विवरण,

(ख) ऐनको दफा २६घ१. बमोजिम परेका निवेदनहरूको विवरण,

(ग) ऐनको दफा २६घ१. बमोजिमको म्याद भित्र जग्गा बाँडफाँड गर्न जग्गावाला र मोही कसैको पनि निवेदन नपरेमा कार्यालयको अभिलेखबाट लगत कट्टा हुन बाँकी मोहीको विवरण ।

(२) उपनियम (१) बमोजिम विवरण तयार गरिसकेपछि जग्गावाला र मोहीबीच जग्गा बाँडफाँडको लागि भूमिसुधार अधिकारीले आफ्नो मातहतको कुनै कर्मचारीको नेतृत्वमा नापी कार्यालयको प्राविधिक कर्मचारी सहितको टोली खटाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको टोली खटाइसकेपछि भूमिसुधार अधिकारीले सो विषयको सूचना सम्बन्धित स्थानीय निकायलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(४) उपनियम (२) बमोजिम खटिएको टोलीले सम्बन्धित जग्गाको स्थलगत निरीक्षण र आवश्यकता अनुसार सरजमिन समेत गरी जग्गाधनी र मोही बीच जग्गा छुट्टयाई त्यस्तो जग्गाको ट्रेश नक्शा समेत तयार गरी सो को प्रतिवेदन भूमिसुधार अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रतिवेदन प्राप्त भएपछि भूमिसुधार अधिकारीले सो विषयमा आवश्यक जाँचबुझ गरी ऐन तथा यी नियमहरू बमोजिम जग्गाधनी र मोही बीच जग्गा बाँडफाँड सम्बन्धी निर्णय गर्नेछ ।"

६. <u>मूल नियमहरूमा नियम ३९च१. थप</u> : मूल नियमहरूको नियम ३९च. पछि देहायको नियम ३९च१. थपिएको छ :-

"३९च१. <u>बैठक भत्ता</u> : परिषदका अध्यक्ष र सदस्यले परिषद्को बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।"

७. <u>मूल नियमहरूको अनुसूची-६ मा संशोधन</u> : मूल नियमहरूको अनुसूची -६ मा रहेका "सबै जग्गावालाहरू र मोहीहरूलाई" भन्ने शब्दहरूको सट्टा "अधिकतम हदभन्दा बढी जग्गा हुने जग्गावाला र मोहीलाई" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
मोहनकृष्ण सापकोटा
नेपाल सरकारको सचिव

286



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।